नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड ६, संख्याः ४३, चैत्र २८ गते, २०७९ साल**

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको रणनीति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३)बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## सिद्धलेक गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९

**गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।१२।२७**

**२. नाम र प्रारम्भ :**यस रणनीतिको नाम सिद्धलेक गाउँपालिकाको **लैङ्गिक समानता तथा सामाजिक समावेशिता रणनीति,२०७९ र**हनेछ र यसको प्रारम्भ गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**३.संक्षेपित  शब्दावली र परिभाषा**

क) **"स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

ख) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनुपर्छ ।

ग) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकतम उपयोगगर्ने प्रक्रिया हो ।

घ) **"योजना"**भन्नाले समग्र विकास निर्माण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकीकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

च) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराउनु हो ।

**छ**) **"सामाजिक बञ्चितिकरण"**: लैंगिकता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदिको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमताअनुसार सहभागी हुने अवसरर त्यस्तो अवसरबाट प्राप्त हुनसक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**ज**) **"सामाजिक समावेशी सम्पर्क ब्यक्ति"** भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्नेगरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

झ) **"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपाङ्गता भएका ब्यक्ति,  बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरुप्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण

सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

ञ) **लैंङ्गिकता** :कुनैपनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा तेस्रो लिङ्गका कारण समाजद्वारा उनीहरुलाई  दिइने विभेदपूर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने विभेदपूर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

ट) **लैंङ्गिक मूलप्रवाहीकरण** :पालिकाको कुनै पनि योजनावद्ध कार्य, बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानून, नीति नियम, कार्यक्रम कार्यन्वयनको, बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा  लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

ठ) **लैङ्गिक समानताः** समाज तथा राज्यको सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनुनै लैङ्गिक समानता हो ।

ड) **लैंङ्गिक संवेदनशिल** : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गिहरुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भिर हुनु हो ।

**ढ**) **लैंगिकमैत्री**: समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा तेस्रो लिङ्गिहरुका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपूर्ण व्यवहार हो ।

ण) **"खण्डिकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई.भि.संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

**त) "गरिबी नक्शाङ्कन"** गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसो बास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ ।

**थ) "लक्षित वर्ग/समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका व्यक्ति,अल्पसंख्यक तथा सीमान्तकृत समुह) आदिको एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

## ४. अवस्था विश्लेषण

परापूर्वकालदेखि यस क्षेत्रका वासिन्दाहरुको आस्थाको केन्द्र रहेको सिद्धबाबाको मन्दिरको नामबाट यस गाउँपालिकाको नाम सिद्धलेक राखिएको हो भन्ने यहाँको बुद्धिजिविहरुको छ । स्थानिय निकाएको पुनर्संरचना अनुसार सिद्धलेक गाउँपालिका साविकका नलाङ सलाङ र कुम्पुर गा. वि.सहरु समेटि बनेको छ । यस गाउँपालिकामा ७ वटा वडाहरु निर्माण गरिएको छ । यहाँको कुल क्षेत्रफल १०६.०९ वर्ग किमी रहेको छ जसमा पूर्वमा निलकण्ठ न.पा. र गल्छी गाउँपालिका, पश्चिममा गोरखा जिल्ला, उत्तरमा ज्वालामुखी गाउँपालिका र निलकण्ठ न.पा. तथा दक्षिणमा गजुरी र बेननिघाट रोराङ गाउँपालिका रहेको छ ।

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्र निर्धारण गरिएको छ जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.१ SWOT विश्लेषण

सिद्धलेक.गाउँपालिको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीतिकानूनमा समावेशिता, संस्थागत व्यवस्थामा समावेशिता, मानव संसाधन तथा क्षमता विकासमा समावेशिता, सेवा प्रवाहमा समावेशिता र सुसासन तथा उत्तरदायित्वमा समावेशितामा आधारित रहेर विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

### क. बलियो पक्ष (Strength)

१. योजना, महिला बालबालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनेको

२. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन गरेको ।

३. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको छ ।

४. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ ।

५. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३ प्रतिशत रहेको छ ।

६. महिला तथा लक्षित वर्गका लागि जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।

७. महिला बालबालिका जेष्ठ नागरिक शाखा स्थापना र सञ्चालन भएको ।

८. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।

९. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।

१०. विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको

११. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।

१२.. स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु छुवाछुत, बालविवाह, बहुविवाह हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको ।

१३. उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएका ।

१४. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको ।

.१५ नयाँ बन्न लागेका भौतिक पुर्वाधारका सवै डिजाइन हरुमा लैससास मैत्री प्रावधानहरु समेट्ने गरिएको ।

१६ सवै विद्यालयमा किशोरीहरुलाई निःशुल्क सेनिटरी प्याड वितरण गरेको ।

१७. लक्षित तथा विपन्न वर्गको निःशुल्क स्वास्थ्य विमा भएको

१८ संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकाले सहकार्य र समन्वय गरेको ।

१९.. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि अनुशासनमा वाँधिएको ।

**ख. कमजोर पक्ष**

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको ।

२. गाउँपालिकाले लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति निर्माण नभएको ।

३. स्थानीय तहले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको ।

५. कुनै नीति नियम कार्यविधि दिगदर्शन जारी गर्नुभन्दा अगाडी लैससास को दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरेको ।

६. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको ।

७. योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको ।

८. महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।

९. पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको ।

१०. स्थानीय तहका सवै पदाधिकारी हरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण नभएको ।

११. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको ।

१२. लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा हुन नसकेको ।

१३. कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधि हरुका वारेमा नियमित अभिमुखीकरण हुन नसकेको ।

१४. सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको ।

१५ गर्भवती महिलालाई जोखिम तथा खतरायुक्त काममा नलगाउने नीति तयार नभएको ।
१६. भौतिक पूर्वाधारका ड्रइङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको ।
१८. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बजेट विनियोजन तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।
१९. योजना तथा कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको
२० सामाजिक सञ्जालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना, समाचार तथा सन्देशमूलक विषय वस्तु आदि प्रकाशन नभएको ।
२१. स्थानिय तहमा फोहोर वयवस्थापनको लागि संकलन र विर्सजन केन्द्रहरु नभएको ।
२२. स्थानीय भाषामा सूचना प्रसारण गर्ने नगरिएको ।
२३. आवधिक योजना नबनेको ।

**अवसर**

१. प्रदेश तथा संघीय सरकारका नीति कानूनहरु लैससास कार्यान्वयनमा सहयोगी रहेको ।
२. राष्ट्रिय गौरवका आयोजनाहरु पालिकामा रहेको ।
३. लैससास सम्वन्धी काम गर्ने गैरसरकारी संघसस्थामा पालिकामा रहेको ।
४ विभिन्न जातजाती, समुदायबिच सामाजिक र सास्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातावरण रहेको ।
५. योजना कार्यान्वयनमा उत्कृष्ट शाखालाई पुरस्कृत गर्ने परिपाटी रहेको ।
६ युवा कर्मचारीको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने ।
७ महिला तथा लक्षित वर्गका विभिन्न समूहहरु क्रियशिल हुनु । जसमा नियमित रुपमा नेतृत्व विकास तथा समूह संचालनका वारेमा गतिविधि हुने हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गवाटै संचालन गर्न सकिने ।
८. स्थानीय तहका सवै कार्यालयहरुमा महिला हिंसा तथा विभेद हुन नदिनका लागि लैङ्गिक हिंसा न्यूनीकरण आचार संहिता निर्माण गर्न गैससले सहयोग गरिरहेको ।
९. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु जसले आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्ने ।
१०. किसान सम्मान अभिनन्दन पुरस्कार आदी कार्यक्रम नियमित रुपमा हुनु जसले गर्दा किसान र कृषि प्रवर्द्धनगर्न सकिने ।
११. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु ।
१२. अनुगमन मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु ।
१३. कृषि पेशामा युवाहरुको आर्कषण वढदो ।
१४. गाउँपालिका विभिन्न जातजातिको समिश्रण रहेको ।

**चुनौतिहरु**

१. मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकीकरण नीति वनाउन कठिन ।
२. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सूचकहरु निर्माण गर्न ।
३. विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिकको कामको मूल्याङ्कन गर्न ।
४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी ऐन, नियम कानून कार्यविधि निर्माण गर्न र कार्यान्वन गर्न ।
५. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु, जातिगत छुवाछुत, बोक्सीको आरोप लागाउने घरेलुहिंसा अन्त्यका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न ।
६. मोवाइल को दुरुपयोग र बालबालिकाको उमेरमा नै व्यापक प्रयोगले बालविवाह अवैध वच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्धविच्छेद हुने जस्ता संभावना वढ्दै गएको ।
७. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठिन भएको ।
८. सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न ।
९. दुर्व्यसनिमा युवाहरुको संलग्नता बढ्दै जानु र तथ्याडक निकाल्न कठिन ।
१० छोराछोरी विचको विभेद कानूनमा अन्त्य भएता पनि व्यवहारमा कायमै ।

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने, दोश्रो माध्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा सम्पर्क हुने गरी निम्नानुसार ३ भागमा विभाजन गरिएको छ ।

**४.२ सरोकारवाला पहिचान**

| **सिधा सम्पर्क हुने सरोकारवालाहरु** | **दोस्रो माध्यमवाट सम्पर्क हुने सरोकारवालाहरु** | **अप्रत्यक्ष सम्पर्क हुने सरोकारवालाहरु** |
|---|---|---|
| महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | विकासका साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |

| | | |
|---|---|---|
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश  योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| पुर्वाधार शाखा | वालक्लवहरु | भूमिव्यवस्था आयोग |
| सहकारी,कृषि तथा पशुशाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| योजना शाखा | सहकारी संस्थाहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | प्रदेश मन्त्रालयहरु सवै |
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | दलित आयोग,मुस्लिम आयोग |
| गाउँपालिका | स्वयमसेवक  समूहहरु | राष्ट्रिय योजना आयोग |
| गाउँसभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु | सवै संचार माध्यमहरु | राष्ट्रिय स्तरका सञ्चार माध्यमहरु |

४.३ लक्षितवर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

१ महिला

२  एकल महिला

३ बालबालिका

४ जेष्ठनागरिक

५ आदिवासी जनजाती ( मगर,गुरुङ. )

६ मानसिक अवस्था कमजोर भएका

७ अल्पसंख्यक र लोपोन्मुख ( माझी,घले,गाइने,चेपाङ)

८.अभिभावक विहीन

९. मजदुर

१०. अपाङ्गता भएका व्यक्ति

११. द्वन्द्वपिडित

१२. विपन्न वर्ग

१३. सुकुम्वासी

१४. मधेसी

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणबाट सिद्धलेक गाँउपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन । वलियो पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु त्था सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । धेरै भन्दा धेरै सवल पक्षहरु पहिचान भएका छन ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

सिद्धलेक गाँउपालिका

## ५.दिर्घकालीन सोच (Vision)

विभेदमुक्त, लैङ्गिक तथा सामाजिक समावेशी, सम्वृद्ध र न्यायपूर्ण स्थानीय तह निर्माण गर्ने ।

## ६. ध्येय (Mission)

सिद्धलेक गाउँपालिकामा विद्यमान विभेद र विपन्नताको को अवस्थाको निर्मुल गर्ने ।

## ७.लक्ष्य (Goal)

न्यायोचित तथा समतामुलक विकासको माध्यमवाट वहिस्करणमा परेको वर्गलाई मुल प्रवाहमा ल्याई सम्वृद्ध बनाउने ।

## ८. उदेश्य(Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छन:

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने ।

२. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।

३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।

४.नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।

५. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।

६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।

७. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने ।

८. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ९.लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (Policy)

माथि उल्लेखित उद्धेश्यहरु परिपूर्तिको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पुर्वाधार, कृषि वन तथा भूमिसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ति एवम सुशासन संग सम्बन्धित सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने

२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिका संग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरागर्दै लैजाने ।

४. पालिकाले निर्माण गरेका सवै कानून, नीतिनियम, निर्देशिका, कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५. लैससास वारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने

६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संबोधन गर्दै लैजाने ।

७. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु सञ्चालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

८. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९. बालबालिका तथा अपाङ्ग एवम जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

१०. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।

१२. सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सँग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## १०. लैससास रणनीति (strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः।

### १०.१ मूल प्रवाहिकरण

(क) महिला, गरिब र वहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

(ख) लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमवाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### १०.२ समावेशीकरण

विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### १०.३ स्थानीयकरण

अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्ष्यका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासिल गर्ने ।

### १०.४ सशक्तिकरण

(क) लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

(ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

(ग) स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

(घ) कृषि, पशुपालन,सहकारी,घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा वञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

**१०.५ सचेतीकरण**

(क) लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्यप्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याउने ।

(ख) समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

**१०.६ संस्थागत संरचना**

संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

**१०.७ समन्वय**

(क) विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

(ख) प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

**१०.८ सहकार्य**

(क) लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु र बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्थाविच सहकार्य गर्ने ।

(ख) प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

**१०.९ सहजीकरण**

(क) वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा बस्ती तथा समुदाय स्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने।

(ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

### १०.१०  सामाजिक सुरक्षा

(क) नागरिक जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

(ख) सामजिक सुरक्षा अन्तर्गत अल्पसंख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लिम लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जन मा सहयोग गर्दै लैजाने ।

### १०.११अनुगमन मूल्याङ्कन

(क) प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससासमैत्री वनाउदै लैजाने ।

सिद्धलेक गाउँपालिका

## ११.रणनीतिक कृयाकलापहरु(Strategic Activities)

| | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सुचक | पुस्ट्याइंका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने । | १. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पूर्वाधार, कृषि, वन तथा भूमी सुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ति एवम् सुशासन संग सम्बन्धित सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने | १. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवैक्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मुलप्रवाहीकरण गर्ने । | १. लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पूँजिगत बजेट विनियोजन गर्ने ।<br>२.लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>३.लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृया बाट आवधिक योजना तर्जुमा गर्ने ।<br>४.लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सूचकहरु तयार गरी त्यसैको आधारमा योजना तर्जुमा मापन र परीक्षण गर्ने ।<br>५.लैङ्गिक उत्तरदायी वजेट तर्जुमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>६.लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाइ व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने ।<br>७.सेवा प्रदायक अन्य निकायहरुलाई लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका वारेमा अभिमुखीकरण गर्ने । | १.वार्षिक वजेटमा कम्तीमा १५% पूँजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br>२.लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ ।<br>३.लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन ।<br>४.योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण सहभागिता भएको हुनेछ ।<br>५.लैङ्गिक उत्तरदायी बजेट हेर्ने सुचना प्रणालीको विकास भएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२.आवधिक योजना<br>३.योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४.कार्यपालिकाका वैठकका निर्णयहरु<br>५.सभाका बैठकका निर्णयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | . | | |
| २ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | १. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | १.विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङन गर्दै लैजाने । | १.लक्षित वर्गको खण्डिकृत विवरण संकलन तथा हरेक वर्ष अद्यावधिक गर्दै लैजाने ।<br>२.जीविकोपार्जन संग जोडिएका आर्थिक गतिविधि हरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने।<br>४.संघ संस्थामा प्रतिनिधित्व, शाखा प्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने<br>५.राजनैतिक नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्गलाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने<br>६.महिला तथा लक्षित वर्गको कार्यबोझ कम गर्ने सरल तथा समय वचत हुने खालका व्यवहारिक आवश्यकता पुरा हुने कार्यक्रममा बजेट विनियोजन गर्ने ।<br>७. महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका र शिक्षा रोजगारी संग सम्बन्धित रणनैतिक कार्यक्रम बजेटमा समावेश गर्ने । | १.लक्षितवर्गको वस्तुगत खण्डिकृत विवरण वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ ।<br>२.कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवाग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br>३.लक्षित वर्गको जीविकोपार्जन हुनेगरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४.उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४० प्रतिशत लक्षित वर्गको सहभागिता भएको हुनेछ<br>५.लक्षित वर्गको व्यवहारिक आवश्यकता परिपूर्ती गर्न घरेलु उद्योग बैकल्पिक उर्जा जस्ता कार्यक्रम संचालन गर्ने । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२.कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३.उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि<br>४.कार्यपालिका तथा सभाका निर्णय हरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संभ्मौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | १. महिला तथा बालबालिका संग सम्बन्धित सवै अन्तराष्ट्रिय सन्धि सम्भ्मौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | १. अन्तराष्ट्रिय सन्धि संभ्मौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने | १.दीगो विकास लक्षका १७ वटा लक्षहरुका स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास गरि परिचालान गर्ने<br>२.बेइजिङ सम्मेलन गरेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने<br>३.संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने ।<br>४.उल्लेखित सवै अभिमुखी करण पश्चात स्थानीयकरण गरी लागू गर्ने<br>५.स्थानीयकरण पश्चात वार्षिक कार्यक्रममा बजेट विनियोजन तथा कार्यान्वयन गर्ने ।<br>६.आवश्यक कानून तथा कार्यविधि तयार गर्ने । | १. दिगो विकास लक्ष्य, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२.अन्तराष्ट्रिय सन्धि संभ्मौताको स्थानीयकरण भएको हुनेछ ।<br>३.स्थानीयकरण भएका सन्धि संभ्मौता कार्यान्वयन गर्न बजेट विनियोजन भएको हुनेछ । | १.अन्तराष्ट्रिय सन्धि संभ्मौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२.वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३.कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४.कार्यपालिका तथा सभाका निर्णयहरु । |
| ४ | कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने । | १. पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका | १. संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप | १.लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनूरुपका संस्थागत संरचनाहरु निर्माण | १. कानून कार्यविधिले निर्दिष्ट गरेका | १.वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२.कानून |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्यविधि महिला,बालबालिका, यौनिक तथा लैङ्गिक अपल्संख्यक, अपाङ्गता,जेष्ठनागरिक, दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | गर्ने ।<br>२.कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने ।<br>३.योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरि गर्ने ।<br>४.विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशी करणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषणगरी आवश्यक संसोधन गर्ने ।<br>६.कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने ।<br>७.सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानापातिक सहभागिताका लागि कानूनी व्यवस्था गर्ने । | संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन ।<br>२. नयाँ वन्ने सवै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३.विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन ।<br>४.कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन ।<br>६.समानुपातिक नेतृत्व का लागि कानूनी व्यवस्था भएको हुनेछ । | विश्लेषणका लागि कार्यदल गठन भएको<br>२.कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३.यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |
| ५ | संस्थागत व्यवस्था अर्न्तगत कार्यप्रणाली, वित्त | १. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना | १. महिला, गरीब र बहिष्करणमा परेका | १.संस्थागत जिम्मेवारी दिंदा तथा शाखा व्यवस्थापन गर्दा | १.शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको | १.कार्यपालिकाका निर्णय पुस्तिका<br>२.विशेष सेवा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने | गरी महिला बालबालिका तथा जेष्ठ नगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।<br>२.वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।<br>३.लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पहुँचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सबाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।<br>२.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने । | प्रमूखको रुपमा महिला लाई प्राथमिकता दिने ।<br>२.लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३.महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४.कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार , जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने<br>५.आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्ति करणका लागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने<br>६.महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>७.लैससास सम्बन्धी सूचना एवम सचेतनामूलक सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>८.उपभोक्ता समिति गठन तथा परिचालन गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्पसंख्यकहरुको | प्रतिनिधित्व भएको हुनेछ ।<br>२.लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३.महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५.महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ<br>६.लैससास सम्बन्धी सचेतना मुलक ब्रोसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३.महिला पुरुष समविकास कार्यनीति<br>४.महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५.रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो सामाग्रीहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सहभागितालाई अनिवार्य गर्ने । | | |
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने। | १.मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२.निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारे कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने । | १. लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्मनिर्भर वनाउने | १.लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२.लैससास बजेट खर्च कार्यविधि तयार गर्ने ।<br>३.पालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैङ्गिक समानता सामाजिक समावेशी करण विषयलाई अकाट्य सवालको रुपमा राख्ने नीति वनाउने ।<br>४.मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५.लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने ।<br>६.कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२.लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>४.प्रत्यक्ष अवलोकन |
| ७ | अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धिगरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज | १.सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | १.समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue)को रुपमा छलफल गर्दै लैजाने । | १.हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसंख्यकहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>२.सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>३.लैङ्गिक हिंसा निवारण | १.हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यक हरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>२.अन्तरजातीय विवाह गर्ने | १. वार्षिक बजेट तथा नीति कार्यक्रम<br>२.श्रव्यदृष्य सामाग्री हरु<br>३.सामाजिक संजाल मा गरिएका पोष्टहरु<br>४.अन्तरजातीय विवाह गर्ने जोडी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थापना गर्ने | | | आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>४.अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>५.सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>६.सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | जोडीहरु सम्मानित भएका हुनेछन ।<br>३.वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | सम्मान कार्यक्रमको अभिलेख<br>५.प्रत्यक्ष अवलोकन र सेवा केन्द्र |
| ८ | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | १. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्न | १. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने, पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १.शिक्षण अभ्यास संगै निश्चित निरक्षरलाई साक्षर वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>२.स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सूचना संकलन गरी आवश्यक तालिम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने<br>३.आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने<br>४.अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित ड्इङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने<br>५.जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नुपर्ने गर्भवती | १.वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने युवाहरुका लागि सीप विकास तीलम संचालन भएको हुनेछ | १.वार्षिक प्रगती प्रतिवेदन<br>२.तालिम सम्पन्न प्रतिवेदन<br>३.कार्यपालिका निर्णयहरु<br>४.सभाका निर्णयहरु<br>५.अनुमगन मूल्याङ्कन फारम हरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | महिलाहरुको लागि राहात प्याकेज ल्याउने<br>६.हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम समाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने<br>७.हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्नेगरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | |

## १२. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु सञ्चालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरणको कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । लैससास मूल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः:

(क) लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

(ख) भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

(ग) लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

(घ) स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

(ङ) स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुऱ्याउन बैक तथा वित्तीय संघ संस्थाहरुसंग समन्वय गर्ने ।

(च) संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्यन गरी आवश्यक परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्राउन आवश्यक जनशक्ति परिचालन गर्ने ।

(छ) सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुसँग समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## १३. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नुपर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वतः कार्यान्वयनमा आउने छन ।

## १४. रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिगदर्शन २०७८ मा व्यवस्था भएको) भने सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका अध्यक्ष एवम उपाध्यक्षको हुनेछ भने आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ । यो स्थानीय तहमा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ । रणनैतिक कृयाकलाप का वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## १५.रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

(क) रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

(ख) स्थानीय तह भित्र कार्यरत सवै संघसंस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समिक्षा गर्दा लैससास को दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेशगर्ने नीति अवलम्वन गर्ने ।

(ग) स्थानीय तहमा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत  लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सोको समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेशगर्ने ।

## १६.  संभाव्य जोखिम र न्यूनीकरणका उपायहरु

### १६.१  संभाव्य जोखिम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ :

(क) पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालिकालाई मात्र  प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।

(ख) सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ ।

(ग) लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्छ ।

(घ) लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।

(ङ) विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्छ ।

**१६.२ जोखिम न्यूनीकरणका उपायहरु**

(क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम,गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

(ख) बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।

(ग) स्थानीय तहका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने ।

(घ) विषय विज्ञहरु संग नियमित परामर्श गर्ने ।

(ङ)आवश्यक नीतीनियम निर्माण तथा कार्यान्यन गर्ने ।

**१७.नीतिको पुनरावलोकन तथा सुधार**

सिद्धलेक गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७९ लाई आवश्यकता अनुसार समसामयिक विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

**१८.निश्कर्ष:**

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । नीतिहरु वन्ने तर कार्यान्वयन नहुने कुरा हालको प्रमुख चुनौतीको रुपमा देखा परेको छ त्यसैले अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजानु पर्दछ । यसरी निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्ष्यमा पुग्न सकिन्छ ।



सिद्धलेक गाउँपालिका

सिद्धलेक गाउँपालिका